ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
१ नं प्रदेश, नेपाल

☎ ०३६-४१११०३
☎ ०३६-४१११०४
E-mail :aiselukharka2073@gmai
Website:www.aiselukharkamun.g


प.स:-०७८/०७९
च.नं.:

## गाउँ प्रहरी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७९/०३/०७)

यस ऐसेलुखर्क गाउँकार्यपालिकाको मिति २०७९/०३/०५ गते बसेको बैठकको निर्णय तथा ऐसेलुखर्क गाउँपालिकाको "गाउँ प्रहरी ब्यबस्थापन कार्यविधि-२०७५" को अधिनमा रही गाउँ प्रहरी खुल्ला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेको इच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको रा.वा. बैंक ऐसेलुखर्कमा रहेको खाता नं. २३३०१००३०१०१०००२ (आन्तरिक राजस्व खाता) मा राजस्व जम्मा गरेको सक्कलै भौचर सहित यस कार्यालयमा कार्यालय समयभित्र दरखास्त पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल

| बिज्ञापन नं. | पद | महिला | पुरुष | जम्मा संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १५/०७८/०७९ | १. गाउँ प्रहरी | १ (एक) | २ (दुई) | ३ (तीन) | रु.४००/- |

१. गाउँ प्रहरीको लागि चाहिने न्यूनतम योग्यता:
- नेपाली नागरिक
- १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।
- कम्तीमा ८ कक्षा उतीर्ण भएको ।
- पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ इन्च र वजन घटीमा ५० के.जी. हुनुपर्ने र महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनुपर्ने ।
- कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

२. परीक्षाको किसिम: क) शारीरिक तन्दुरुस्ती परीक्षण ख) अन्तर्वार्ता

३. दरखास्त दिने अन्तिम मिति: २०७९/०३/२१ गते ।

४. सेवा शर्तहरु तथा तलब सुविधा: नियमानुसार हुनेछ ।

५. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु: शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति, शारीरिक रुपमा स्वास्थ्य रहेको निरोगिताको प्रमाणपत्रको प्रतिलिपी र अन्य आवश्यक कागजातहरु ।

नोट: दरखास्त फाराम यस कार्यालयको वेवसाइट (www.aiselukharkamun.gov.np) तथा यस कार्यालयबाट कार्यालय समयमा प्राप्त गर्न सकिने छ ।

हिरा कुमारी यादव
२०७९/०३/०७

प्रमुख प्रशासकीय अधिकृत

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत